# जातीय समानताको बढावाको निम्ति विद्यमान तथा योजनाबद्ध उपायहरु

## भोकेसनल ट्रेनिङ काउन्सिल

भोकेसनल ट्रेनिङ काउन्सिल(VTC) हङकङको सबैभन्दा ठूलो व्यावसायिक तथा पेशागत शिक्षा र तालिम (VPET)प्रदायक हो। VTC ले हङकङका स्तम्भ वित्तिय क्षेत्रहरु तथा उदीयमान उद्योगहरुलाई पूर्ण सहयोग प्रदान गर्दै विस्तृत दायराका विषयहरु जस्तै- स्वास्थ्य तथा जीवन विज्ञान,व्यवसाय, बालस्याहार, वृद्ध तथा सामुदायिक सेवाहरु, डिजाईन, ईन्जिनियरिङ्ग,आतिथ्य सत्कार तथा सूचना प्रविधिमा व्यापक पूर्व–रोजगार तथा ईन–सर्भिस (रोजगारावस्थामा) तालिम कार्यक्रमहरु प्रदान गर्छ ।

सेवाहरु सम्बन्धित

- VTC ले विस्तृत दायराका VPET कार्यक्रमहरु प्रदान गर्दछ । VPET सेवाहरु सबैले जातियताका बाबजुद प्राप्त गर्न सकुन् भनि,विविध जातिका मानिसकहरुका लागि विशेष कदम उठाईएको छ ।

अवस्थित उपायहरु

- गैर–चिनियाँ भाषी विद्यार्थी(NCS)प्रति समर्पित VPET कार्यक्रमहरु

  NCS युवा तथा व्यस्कहरुलाई उनीहरुका विविध तालिम आवश्यकताहरु पूर्ति गर्न VTC ले समर्पित कार्यक्रमहरु प्रदान गर्दछ । यी कार्यक्रमहरुमा व्यवसाय, डिजाईन तथा आतिथ्य सत्कार माध्यमिक विद्यालय छोडेकाहरुका लागि डिप्लोमा कोर्षहरु, सिनियर सेकेण्डरी विद्यार्थीहरुका लागि अप्लाईड लर्निङ्ग कोर्षहरु, खाँली बसेका युवाहरुका लागि व्यवसायिक विकास कार्यक्रमहरु, व्यवसायिक चिनियाँ तथा व्यावसयिक सीपका छोटो कोर्षहरु प्रदान गर्दछ ।

- वैकल्पिक चिनियाँ भाषा योग्यताहरुको स्वीकृति

  जहाँ एक कार्यक्रममा भर्नाको लागि हङकङ डिप्लोमा अफ सेकेण्डरी एजुकेशन (HKDSE)को विशिष्ट तहको चिनियाँ भाषा

| | |
|---|---|
| | जरुरी पर्छ भने, वैकल्पिक चिनियाँ भाषा योग्यताहरु वा HKDSE अप्लाईड लर्निङ्ग चाईनिजका परिणामहरुलाई पनि विचार गरिनेछ । |
| | • <u>समर्थन सेवाहरु</u><br>पूर्व-रोजगार कार्यक्रमहरुका NCS विद्यार्थीहरुलाई अध्ययन तथा क्याम्पस जीवनलाई व्यवस्थापन गर्न विभिन्न समर्थन सेवाहरु प्रदान गरिन्छ। यी सेवाहरुमा शैक्षिक तथा पढाईसिकाईमा सहयोग, स्थानीय विद्यार्थीहरु तथा समुदायसँग समायोजन गराउन गतिविधिहरु तथा करियरको विकासका लागि परामर्श तथा सुझाव दिईन्छ । |
| भावी कार्यको मूल्यांकन | • VTCले समानताको निती प्रचार गर्न साथै कायम राख्न विविध जातिका मानिसहरुलाई सेवा पुर्याउने गैर-सरकारी संगठनहरु र सेकेण्डरी स्कूलहरुले प्रदान गरेको कार्यक्रमहरुको सान्दर्भिकता सुनिश्चित गर्नेछ । |
| लिइएको / लिनु पर्ने थप उपायहरु | • यसको पढाईसिकाई र काम गर्ने वातावरणमा जातीय समानतालाई बढावा दिन VTCले सन्दर्भका लागि निर्देशनहरु यसका कार्यकारी एकाईहरुद्वारा तयार पारिएको छ ।<br><br>• कर्मचारी र विद्यार्थीहरुमा जातीय समानता प्रति उनीहरुको जागरूकता र संवेदनशीलतालाई बढाउन तालिम तथा साझा गर्ने सत्रहरुको व्यवस्था जारी राखिनेछ।<br><br>• VTCले सांस्कृतिक समायोजन तथा विविध जातिका विद्यार्थीहरु बीच समावेशीकरणलाई बढावा दिनका लागि कार्यक्रमहरुको आयोजना निरन्तर गर्नेछ । |

- VTCको समर्पित समितिले माथि दिईएका उपायहरुको कार्यन्वयनमा निरन्तर निगरानी राख्नेछ ।

जातीय समानताको बढावाको निम्ति विद्यमान तथा योजनाबद्ध उपायहरु सम्बन्धी सोधपुछ गर्न, कृपया VTC को सिनियर अफिसर/प्रमुख कार्यालय (एकेडेमिक सर्भिसेज) लाई निम्न माध्यमहरु मार्फत सम्पर्क गर्नुहोस् –

| | | |
|---|---|---|
| टेलिफोन नं. | : | 2836 1758 |
| फ्याक्स नं. | : | 2574 3705 |
| ईमेल | : | vtchqas@vtc.edu.hk |
| पत्राचार ठेगाना | : | 14/F VTC Tower, 27 Wood Road, Wan Chai, Hong Kong |

*[नोट:*

1. *यदि अंग्रेजी र अन्य कुनै भाषाका संस्करणहरु बीच अन्तर आएमा अंग्रेजी संस्करण मान्य रहनेछ ।*
2. *सोधपुछकर्ताहरुलाई VTC का कार्यक्रमहरु तथा सेवाहरु , अंग्रेजी तथा अन्य भाषाहरुमा सामान्य दोभाषे/ अनुवादन सेवाहरु (जुन- बहासा ईन्डोनेशिया, हिन्दी, नेपाली, तागालोग, थाई, उर्दू, भियतनामी तथा पन्जाबी) उनीहरुको अनुरोधमा उपलब्ध गराईनेछ ।]*

**भोकेसनल `निङ काउन्सिल**

जुन **2025**